अनुसूची- १५
(विनियम २० को उपविनियम ३ संग सम्बन्धित)

# निक्षेप सदस्य र हितग्राही व्यक्ति वा संस्थाबीचको सम्झौता

इ.वि.एल. हाउस, लाजिम्पाट, काठमाडौं स्थित कार्यालय रहेको एभरेष्ट बैंक लिमिटेड (वैधानिक अस्तित्व भएको निकायको विवरण) (यस पछि "सदस्य" भनिएको) प्रथम पक्ष र ............................................................................................ स्थित कार्यालय रहेको ........................................................ (वैधानिक अस्तित्व भएको निकायको विवरण) यस पछि ("हितग्राही" भनिएको) दोस्रो पक्ष बीच देहायका शर्तहरू पालना गर्ने सहमति साथ यो सम्झौता गरिएको छ ।

**१. सामान्य प्रावधानः**
यस सम्झौताका पक्षहरू धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६८ को व्यवस्था र सिडिएससिले समय-समयमा जारी गरेका विनियमलाई यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको हिस्साको रूपमा पालना गर्न सहमत छौं ।

**२. रकम असुल उपरः**
हितग्राहीले सदस्यलाई तिर्नुपर्ने रकम तोकिएको मितिभित्र बुझाउनु पर्नेछ ।

**३. खाताको फाँटवारी (स्टेटमेन्ट):**
सदस्यले अनलाईन मार्फत् हितग्राहीलाई निजको खाताको फाँटवारी हेर्ने सुविधा प्रदान गर्नेछ । साथै हितग्राहीले आफ्नो धितोपत्रको फाँटवारी भौतिक रूपमा प्राप्त गर्न अनुरोध गरेमा सदस्यले सो समेत प्रदान गर्न सक्नेछ । तर यस अवधिमा कुनै कारोबार नभएमा खाताको फाँटवारी दिनु पर्ने छैन ।

**४. विवरणमा भएका परिवर्तनहरूबारे हितग्राहीले सूचित गर्नुपर्नेः**
हितग्राहीले सूचित गरेको अवस्था बाहेक, हितग्राहीले विवरणमा भएको परिवर्तन सदस्यलाई जानकारी नगराएको कारणबाट हितग्राहीलाई हुन सक्ने कुनै हानी उपर सदस्य उत्तरदायी वा जिम्मेवार हुने छैन ।

**५. हितग्राहीको दावीप्रति निक्षेप सदस्य उत्तरदायी नहुनेः**
सुरक्षणका लागि हितग्राहीको खाताबाट खर्च लेखिएको / क्रेडिट गरिएको तेस्रो पक्षका दावी अदालत वा राजस्व निकायबाट तोकिएको वा माग भएको कुनै शुल्क, दस्तुर, कर प्रति सिडिएससि तथा सदस्य उत्तरदायी हुने छैनन् ।

**६. प्रत्येक हितग्राही निम्न कुरामा विशेष रूपले जिम्मेवार हुनेछः**
(क) निक्षेप सदस्यसँग भएको सम्झौता र खाता खोल्दाका विवरणहरू तथा तथ्य सम्बन्धमा,
(ख) निक्षेप सदस्यसँग खाता खोल्दा पेश गरेका लिखतको अधिकारीकता र सत्यता सम्बन्धमा,
(ग) निक्षेप सदस्यबाट प्रत्येक कारोबार निर्देशन बमोजिम खाताबाट घटाएको र थपेको कुराको सुनिश्चित गर्ने,
(घ) हितग्राहीको खातामा भएको परिवर्तनका विवरण सम्बन्धमा जस्तैः ठेगाना, बैंक विवरण स्थिति अख्तियारी, आदेश मनोनयन दस्तखत आदि,
(ङ) कुनै पनि निष्काशित धितोपत्र खरिद गरेकोमा सोको सत्य विवरण ।

**७. आधिकारिक प्रतिनिधिः**
हितग्राही संगठित संस्था वा कानूनी व्यक्ति भएमा त्यस्तो संस्था वा व्यक्तिको तर्फबाट प्रतिनिधित्व गर्ने अख्तियार प्राप्त व्यक्तिले सदस्यसँगको सम्झौता क्रियान्वित गर्ने छन् । प्रतिनिधिको हेरफेर वा अन्य कुनै किसिमको परिवर्तन भएमा हितग्राहीले सदस्यलाई तुरुन्त जानकारी गराउनेछ ।

**८. सम्झौता रद्द गर्नेः**
विनियमावली तथा सञ्चालन निर्देशिकामा उल्लेख गरिए अनुसारका शर्त बन्देजको अधिनमा रही पक्षहरूले यो सम्झौता जुनसुकै समयमा रद्द गर्न सक्नेछन् । कुनै पनि पक्षले सम्झौता रद्द गरेमा हितग्राहीको खातामा भएका धितोपत्रहरूलाई सोही हितग्राहीको निर्देशन बमोजिम सदस्यले व्यवस्थापन गर्नेछ ।

**९. काबु बाहिरको परिस्थितिः**

यस सम्झौता वा विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आँधी, तुफान, बाढी, चट्याङ, भूँइचालो, आगलागी, विस्फोटन वा दैवी प्रकोप, युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निषेधाज्ञा, नाकाबन्दी, अवरोध, दंगा, नागरिक कलह, हड्ताल, तालाबन्दी, बहिष्कार, कुनै उपयोगी सेवामा अवरोध जस्ता मजदुर कारवाहि वा अशान्ति, शत्रुको कारवाहि, अपराधिक षड्यन्त्र, आतंककारीको गतिविधि वा तोडफोड, विध्वंस, प्रणालीमा गडबडी, अनाहक प्रवेश वा प्रतिकार गर्न नसकिने अन्य कुनै शक्ति वा बाध्यता लगायत काबु वा नियन्त्रण बाहिरका घटनाद्वारा यस सम्झौता अन्तर्गतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लङ्घन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानि-नोक्सानी, क्षतिको सोधभर्ना वा क्षतिपूर्ति दिन अर्को पक्ष उत्तरदायी हुने छैन ।

**१०. जनाउः**

यस सम्झौता अनुसार दिइने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार लिखित रूपमा र प्रापकको हालसालको ठेगानामा नपठाएसम्म बन्धनकारी हुने छैन ।

**११. विवादको समाधानः**

पक्षहरूका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताका सम्बन्धमा विनियमावलीमा तोकिए अनुसारको मध्यस्थता समितिको व्यवस्था यस सम्झौताका पक्षहरूलाई पनि लागू हुनेछ ।

**१२. नियमनकारी कानून:**

यो सम्झौता प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

| **सम्झौताका प्रथम पक्ष** | **सम्झौताका दोस्रो पक्ष** |
|---|---|
| एभरेष्ट बैंकको तर्फबाट अधिकार प्राप्त | हितग्राहीको तर्फबाट अधिकार प्राप्त |
| व्यक्तिको नामः | व्यक्तिको नामः |
| दस्तखतः | दस्तखतः |
| कम्पनीको छापः | कम्पनीको छापः |
| **साक्षी** | **साक्षी** |
| १. ____________________ | १. ____________________ |

इति सम्वत् .................... साल .................... महिना .................... गते रोज .................... शुभम् ।